## प्रस्तावहरु :-

१. संघीय सरकारबाट प्राप्त हुने समपुरक कोष र विषेश कोष सम्बन्धमा ।

२. राजश्व परामर्शको प्रतिवेदन सम्बन्धमा ।

३. शान्ति पुस्तकालयका घर भाडा सम्बन्धमा ।

४. गाँउ ब्लक जग्गा पुनः नापीको लागि नापी शाखामा अनुरोध गर्ने ।

५. वडा नं. १० का गौरवका योजना - बन्दा देखि चटार त्रि.मा.वि. रझेना हुँदै बेडनपुर जोड्ने बाटो कालोपत्रे रनिङ बिल भुक्तानी सम्बन्धमा ।

६. फोहर व्यवस्थापन सम्बन्धमा ।

७. स्थानीय तहको दररेट सम्बन्धमा ।

८. बाल दिवश सम्बन्धमा ।

९. गत बर्षको ग्रयाभेल भुक्तानी सम्बन्धमा ।

१०. नगर शिक्षा समितिबाट प्राप्त निर्णय समर्थन सम्बन्धमा ।

११. शिक्षा शाखाको शुल्क तथा दस्तुर सम्बन्धमा ।

१२. निर्णय अनुमोदन सम्बन्धमा ।

१३. तारबारको भुक्तानी सम्बन्धमा ।

## निर्णयहरु :-

**निर्णय नं. १ :-**

संघीय सरकारबाट प्राप्त हुने समपुरक तथा विषेश कोषबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको छनौट गर्नको लागि तपसिल बमोजिमको कार्यदल गठन गरी अध्ययन तथा विश्लेषणबाट प्राप्त भएका योजना तथा कार्यक्रमहरु संचालनको लागि आवश्यक बजेटको व्यवस्था गर्न अर्थ मन्त्रालय संग अनुरोध गर्ने निर्णय गरियो साथै समपुरक कोषको लागि कोहलपुर वडा नं. २ मा कर्भड हल निर्माण कार्यलाई प्रस्ताव गर्न र विषेश कोषको कार्यदलले विज्ञ संग सहकार्य गरेर आगामी एक महिना भित्र विशेष योजना सामाजिक र आर्थिक रुपले पछाडी परेका समुदायको जीवन स्तर उकास्न सहयोग पुऱ्याउने खालको योजना निर्माण गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल :-**

क) आर्थिक विकास संयोजक

ख) सामाजिक विकास संयोजक

ग) योजना शाखा प्रमुख

प्रेम प्रसाद [illegible] कोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. २ :-**

मिति २०७५/५/७ गते बसेको राजश्व परामर्श समितिको बैठकको निर्णय अनुसार यस नगरपालिकाको सम्पत्ति कर आ.व. ०७५/०७६ को लागि मालपोत कार्यालयले निर्धारण गरेको जग्गाको मूल्याङ्कनलाई आधार मानी सोही मूल्याङ्कनमा ३०% मूल्य थप गरि मूल्याङ्कन निर्धारण गर्ने निर्णय गरियो साथै सम्पत्तिको विवरण २०७५ मंसिर मसान्त र बहाल विटौरी ०७५ पौष मसान्त सम्म संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-**

विगत वर्षमा स्थापना भएको शान्ति पुस्तकालयले भाडामा लिएको घरको भाडा भुक्तानी गर्न बाँकी रहेको र भुक्तानीको लागि घर मालिकबाट यस कार्यालयमा निवेदन परेको हुँदा शान्ति पुस्तकालय तथा मेलमिलाप केन्द्र संग भएको सम्झौता प्राप्त भएमा भुक्तानी दिन बाँकी रु.५७,०००। अक्षरेपी सन्ताउन्न हजार अन्य भाडा शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

यस नगरपालिका क्षेत्र भित्र रहेका गाउँ ब्लक जग्गाको पुनः नापी गर्न नापी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

वडा नं. १० का गौरवका योजना - बन्दा देखि चटार त्रि.मा.वि. रझेना हुँदै बेडनपुर जोड्ने बाटो कालोपत्रे रनिङ बिल भुक्तानीको लागि छलफल हुँदा योजना अनुगमन समितिको लिखित प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

नगरपालिका क्षेत्रको वातावरण तथा सरसफाईलाई मध्ये नजर गर्दै फोहर व्यवस्थापनको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) निर्माण परामर्श सेवा शिर्षकबाट तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

कोहलपुर नगरपालिकाको न्यूनतम ज्याला र निर्माण सामाग्रीहरुको दररेट समितिले आर्थिक वर्ष ०७५/०७६ को लागि निर्णय गरे बमोजिम नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-**

संघीय मामिला तथा सामान्य मन्त्रालयको निर्देशन अनुसार २०७५ भाद्र २९ गते राष्ट्रिय बाल दिवश **"सुखी नेपाली समृद्ध नेपाल बालअधिकार सबैको सरोकार"** नारा सहित भव्य रुपमा मनाउने निर्णय गरियो ।

**निर्णय नं.९ :-**

यस नगरपालिका वडा नं. ११ कालिका नगर शिवटोल माटो फिलिङ्ग तथा ग्रयाभेलको आ.व. ०७४/०७५ मा बाँकी रहेको रकम रु.२०००००। अक्षरेपी दुईलाख र एन.टि.भि. गेट पछाडी डोजर लगाएर नाली निर्माणमा लागेको खर्च रु.१९८८८। अक्षरेपी उन्नाइस हजार आठ सय अठासी भुक्तानी दिने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. १० :-**

मिति २०७५/५/१ गते बसेको नगर शिक्षा समितिको क.सं. १ देखि ११ सम्मका निर्णयहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-**

नगर शिक्षा शाखाको मिति २०७५/४/७ र च.नं. ४१ को पत्रानुसार केही शिर्षकहरुमा शुल्क तथा दस्तुर तोक्नको लागि कार्यपालिका बैठकमा निर्णयार्थ पेश गरी सहयोग गरी दिन हुन भनि उल्लेख भएकोमा तपसिलका शिर्षकहरुमा निम्नानुसारका दस्तुर लिने भनि निर्णय गरियो ।

**तपसिल :-**

१. नियूक्ति अभिलेख समर्थन सम्बन्धमा

आधारभुत तह :- रु.१०००।-

मा.वि. तह :- रु.१५००।-

२. संस्थागत विद्यालयको नाम परिवर्तन :- रु.५०००।-

३. कक्षा ८ को ग्रेड सिट सच्याउन/प्रतिलिपि :- रु.२००।-

४. जन्म मिति, नाम थर सच्याउन :- रु.२००।-

५. कक्षा ८ को काउन्टर सहिको लागि :- रु.२००।-

६. अन्तर स्थानीय तह सरुवा सहमति :- रु.१०००।-

७. अनुदान दिईएको विद्यालयहरुलाई अनुमोदन

**निर्णय नं १२ :-**

कोहलपुर वडा नं. १० को मामटो चोरी निकासीलाई नियन्त्रण गर्न रेखदेख गर्ने व्यक्ति राखे बापत सोही रकमबाट कट्टी हुने गरी २० प्रतिशत रकम रेखदेख गर्नेलाई दिने निर्णय गरि सोही बमोजिम रकम दिइएको हुँदा सो निर्णय अनुमोदन गरियो ।

**निर्णय नं १३ :-**

कोहलपुर वडा नं. २ स्थीत नेपाल सशस्त्र प्रहरीको त्रिपुरा गणको छेकवारले स्थानीय योजना कार्यान्वयन गर्दा तारवारले अवरोध भएको र सो तारवार हटाई नगरपालिकाको तर्फबाट लागेको तारबार लगाउदाको खर्च स्टमेट मूल्याङ्कन गरी सार्वजनिक जग्गा संरक्षण गर्ने शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ :-**

लोक नगरको मुक्त कमैयाले जग्गा प्राप्त गरेको लगत भुमि सुधार कार्यालय बाँकेबाट र घर बहाल कर तिर्नेहरुको सूचि आन्तरिक राजश्व कार्यालय बाँकेबाट मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल